स्वस्थ, स्वच्छ, स्वतन्त्र र स्वाभिमान, सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सुं.द.नं. ८४५-०७४।७५

वर्ष १३ , अंक २ | २०८२ साउन १२ , सोमवार | 28 july , 2025 | मुल्य रु. १० । | jantapatra.com

## हेलम्बुको गहना,
## पर्यटकको रोजाइमा पर्न थालेको ब्ल्याल्चे झरना



ल्याल्चे झरना नजिकै रहेका धार्मिक र सांस्कृतिक स्थलहरू पनि पर्यटकलाई आकर्षित गर्ने थप कारण हुन्। हेलम्बु क्षेत्रमै रहेको मेलारेपा गुफा, आमायाग्री ध्यानस्थल, जय बागेश्वरी मन्दिर, गुरु रेम्पोछेले ध्यान गरेको स्थल, र हिमालयन ग्रेट ट्रेलले यो क्षेत्रलाई आध्यात्मिक तथा साहसिक पर्यटनको केन्द्रको रूपमा समेत विकास गरिरहेको छ।

**जनतापत्र । चौतारा**

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-७ सुल्सिङमा अवस्थित ब्ल्याल्चे झरना पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणको केन्द्र बन्दै गएको छ। तामाङ समुदायको मौलिक सांस्कृतिक परिवेश, हरियाली पहाड, शान्त वातावरण र हिमशृत्तलाको सुन्दर दृश्यले भरिपूर्ण यो ठाउँ हाल पर्यटकीय सम्भावनाले गज्जिएको छ।

'ब्ल्याल्चे' भन्ने शब्द तामाङ भाषा भएको र यसको अर्थ "पानी खस्ने चट्टान" भन्ने बुझिन्छ। यस नामले नै झरनाको मौलिकता र सांस्कृतिक पहिचानलाई प्रतिविम्बित गर्छ। यो झरना न केवल प्राकृतिक रूपमा सुन्दर छ, तर यसले तामाङ समुदायको पहिचान र जीवनशैलीसँग पनि गहिरो सम्बन्ध बोकेको छ। यो नामले झरनालाई अन्य स्थानहरूबाट फरक बनाउने काम गरेको छ।

काठमाडौँबाट झन्डै तीन घण्टा लामो यात्रा पछि ब्ल्याल्चे झरनासम्म पुग्न सकिन्छ। सडक विस्तारसँगै अहिले निजी गाडी, मोटरसाइकल र समूहगत टुरमार्फत पनि यो स्थान सहजै पुग्न सकिने भएको छ। ट्राफिकको भिडभाड र शहरको कोलाहलबाट टाढा रहन चाहनेहरूका लागि ब्ल्याल्चे उपयुक्त गन्तव्य बन्न थालेको छ।

ब्ल्याल्चे झरना करिब ५० मिटर अग्लो चट्टानबाट खस्ने छरछर पानीले बनेको छ। वरिपरिको हरियाली, चिसो पानी, शान्त हावापानी र हिमाली दृश्यले यो स्थानलाई अद्भुत बनाएको छ। गर्मी मौसममा यहाँको चिसो पानीले आनन्द

पेज नं ४

## मेलम्चीमा एक दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न, साना उद्योग प्रवर्द्धनमा जोड

**जनतापत्र, मेलम्ची**

सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकामा साना तथा घरेलु उद्योगसम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

नेपाल घरेलु तथा साना उद्योग महासंघ, सिन्धुपाल्चोकको आयोजनामा भएको कार्यक्रममा स्थानीय सरकार, उद्योग व्यवसायी, संघसंस्थाका प्रतिनिधि र सरोकारवाला निकायहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि तथा मेलम्ची नगरपालिकाका नगरप्रमुख आइतमान तामाङले उद्घाटन मन्तव्य दिँदै साना तथा घरेलु उद्योगलाई स्थानीय अर्थतन्त्रको मेरूदण्डका रूपमा प्रस्तुत गर्नुभयो। उहाँले मेलम्ची जस्तो क्षेत्रमा रहेको स्रोत, सीप र श्रमको अधिकतम प्रयोग गर्दै आर्थिक आत्मनिर्भरता हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

"नगरपालिकाले उद्योग प्रवर्द्धनलाई प्राथमिकतामा राखेको छ। नीति, बजेट र सहकार्य मार्फत स्थानीय उद्योगहरूलाई सक्षम बनाउन हामी कटिबद्ध छौँ," प्रमुख तामाङले भन्नुभयो। उहाँले भविष्यमा स्थानीय उत्पादनको व्यवसायीकरण, ब्राण्डिङ र बजारीकरणमा समेत नगरपालिकाको सक्रियता रहने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा महासंघका अध्यक्ष रूद्र प्रसाद दुलालले साना तथा घरेलु उद्योगका क्षेत्रमा काम गरिरहेका व्यवसायीहरूलाई लक्षित गर्दै सरकारी नीति, अनुदान, सहुलियत ऋण र व्यवसाय विस्तारका उपायहरूबारे जानकारी गराउनुभयो।

उहाँले स्थानीय सरकार, संघसंस्था र निजी क्षेत्रको सहकार्यबिना सुदृढ उद्यमशीलता सम्भव नहुने भन्दै नीति निर्माणदेखि कार्यान्वयनसम्मको समन्वयमा जोड दिनुभयो। "स्थानीय सरकारले साना व्यवसायप्रति देखाएको चासो सकारात्मक छ।

## टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण



**जनतापत्र, चौतारा**

चौतारा साँगाचोकगढी नगरपालिका-१० का वडाध्यक्ष निलबहादुर तामाङले सामाजिक सुरक्षा भत्ता वितरणको परम्परागत अभ्यासलाई परिवर्तन गर्दै टोलटोलमै सेवा पुऱ्याउने कार्य सुरू गरेका छन्।

पहिले जस्तो लाभग्राही वृद्धवृद्धा, अपांगता भएका नागरिक, एकल महिला तथा अन्य लाभग्राहीहरूलाई बैंकसम्म आएर लामो लाइनमा पर्खनुपर्ने बाध्यता अब हट्दै गएको छ। वडाध्यक्ष तामाङको पहलमा अब सेवा स्वयं लाभग्राहीको घर आँगनमा पुग्ने भएको हो।

वडाका अनुसार अघिल्लो आर्थिक वर्षमा जलकिने, हर्रे, होल्का, खत्रीथोक, कार्कीटार लगायतका सातवटा टोलमा चारपटक टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरिएको थियो। भौगोलिक

पेज नं ४

प्रकाशक
टिका सुवेदी
सम्पादक
दिनेश सापकोटा
कम्प्युटर : जनतापत्र डेक्स
मुद्रण : सेवा अफसेट प्रेस
सम्पर्क : ९८४१९८९०८७
इमेलः weeklyjanatapatra70@gmail.com
ठेगाना : चौतारा, सिन्धुपाल्चोक

सम्पादकिय

## सिन्धुपाल्चोकको पर्यटनको सम्भावना

सिन्धुपाल्चोक जिल्ला प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र साहसिक क्रियाकलापका दृष्टिले एक महत्वपूर्ण पर्यटन गन्तव्य हो।

पाँचपोखरी, हेलम्बु, तातोपानी, जलवलेश्वर, बलेफी, इन्द्रावती र सुकुटे जस्ता स्थानहरू पर्यटकहरूका लागि आकर्षणका केन्द्र बनेका छन्। विशेषगरी हिमश्रृखलाको दृश्यावलोकन, बौद्ध तथा हिन्दू धार्मिक स्थलहरू, ट्रेकिङ र र्याम्फ्टिङले आन्तरिक तथा बाह्य पर्यटक तानिरहेका छन्।

यद्यपि, पर्याप्त पूर्वाधार, प्रचारप्रसार र स्थानीय स्तरको समन्वय अभावले पर्यटन विकासको सम्भावना पूरा हुन सकेको छैन। सडक, यातायात, होटल तथा गाइड व्यवस्थापनमा सुधार ल्याउनु आवश्यक छ।

स्थानीय सरकार, निजी क्षेत्र र संघसंस्थाबीच सहकार्य गर्दै दिगो पर्यटन विकासमा जोड दिन सकिएमा जिल्लाको आर्थिक समृद्धिमा ठुलो टेवा पुग्न सक्छ। पर्यटनमार्फत रोजगारी सिर्जना, संस्कृति संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न सकिन्छ।

सिन्धुपाल्चोकको पर्यटन भविष्य उज्यालो छ, यदि अबका कदम सही दिशामा चालिए भने।

विचारपत्र

# माकुरा पद्धतिले बुन्दै छ सामाजिक सद्भावको जालो

दिपकराज भट्ट अधिवक्ता

नेपाल, प्राकृतिक स्रोतको खानी भएर पनि आर्थिक समृद्धिको बाटोमा लम्कन ढिलाइ भएको देश। यहाँ जल, जङ्गल र जमिनको उपयोगले समृद्धिको सपना देखाइरहँदा, यिनै स्रोतहरूले सामुदायिक द्वन्द्व पनि निम्त्याइरहेका छन्। गाउँ/ गाउँबिच, छिमेकी/ छिमेकीबिचको मनमुटाबले कतिपय ठाउँमा हिंसासम्म पुगेका घटनाहरू हामीले देखेका छौं। अझ, सङ्घीयता पछि प्रदेश र पालिका सीमाङ्कनले पुराना टकराबहरूलाई झनै चर्काउँदै आएका छन्। यी विवादहरू कहिलेकाहीँ जीवन मरणकै प्रश्न बन्छन्। यस्ता विवादले समाजको सौहार्द्रता खलबलिनुका साथै विकासका ढोकाहरू समेत बन्द भएका अवस्था छन् । यी विवाद समाधानका लागी कानुनी निकाय त छन् । तर कानुनी प्रणाली अस्तित्वमा भए पनि त्यसले सम्बन्ध जोड्दैन, केवल मुद्दा टुङ्ग्याउँछ। यस्तोमा एउटा अनौठो अभ्यास सुरु भएको छ । जसले विवादलाई संवादमा बदलिरहेको छ । द्वन्द्वमा फाटेका मनहरूलाई पुनः गाँसिरहेको छ। त्यो अभ्यास हो, माकुरा पद्धति।

के हो त माकुरा ? माकुरा कुनै प्राणीको नाम मात्र होइन । त्यो एउटा दृष्टिकोण हो, एउटा प्रक्रिया हो, जसले समाजभित्रै समाधानको सूत्र खोज्छ। यो त न कुनै जादुको छडी हो। न त कुनै बाहिरी शक्तिको हस्तक्षेप। माकुरा समूह भनेको त्यस्ता व्यक्तिहरूको टोली हो जसलाई विवादमा संलग्न समुदायले नै विवाद रूपान्तरणका लागी छानेर पठाएका हुन्छन् । उनीहरू न त न्यायाधीश हुन्, न त कुनै वकिल नै। न त मुद्दा लड्न उत्रिन्छन्, न त फैसला नै सुनाउँछन्। केवल निष्पक्षता, पारदर्शिता र संवादको माध्यमबाट सम्बन्ध गाँस्दै विवादको जालोलाई सुल्झाउन सहजीकरण गर्छन्।

हामी एक पटक माकुराको जालोलाई हेरौं। कस्तो बलियो, लचकदार र सन्तुलित हुन्छ। माकुराले जालो बनाउँदा डोरीहरूलाई बलियो तरिकाले अड्काएको हुन्छ र बिच/बिचमा एक अर्का डोरीहरूलाई जोड्न बलियो घेराहरू तयार गरेको हुन्छ, जसले गर्दा ठुलो हावाहुरीमा पनि जालो तोडिँदैन। माकुराले बनाएका धागाहरूमा लचकता हुन्छ । यो तन्कन र खुम्चन सक्छ। साथै, हरेक घेराहरू आफैँमा स्वतन्त्र तर आपसमा अन्तर सम्बन्धित हुन्छन्। त्यसैको शैलीमा माकुरा समूह पनि काम गर्छ। जसरी, जालोको प्रत्येक डोरी अलग(अलग भएर पनि एक आपसमा जोडिएका हुन्छन्, त्यस्तै, माकुरा समूहका सदस्य पनि द्वन्द्वमा संलग्न अलग अलग पक्षहरूबाट छनोट भएता पनि एक पक्षीय भएर सबै पक्षहरूलाई जोड्छन्। न कुनै पक्षको वकालत गर्छन्, न त कुनै दबाब नै सृजना गर्छन्। केवल संवाद, समझदारी र रूपान्तरण।

कैलालीको एक कथाले माकुरा पद्धतिको प्रभाव विस्तारमा देखाउँछ। जगदम्बीके भगवती मावि र मुक्त कमैया समुदायबिचको जग्गा विवाद कति पेचिलो थियो भने त्यो अदालत पुगेको भए दशकौँसम्म टुङ्गो लाग्ने थिएन। तर, यही माकुरा समूहले सहजीकरण गऱ्यो र विवाद रूपान्तरण पनि भयो ।

यही समुदायका प्रतिनिधि दिलराज गौतम, पेशले कानुन व्यवसायी, अहिले त्यो अनुभव सम्झँदा चकित हुँदै भन्नुहुन्छ, "पहिला लाग्थ्यो, यस्तो विवाद अदालतमै जानुपर्छ, मुद्दा लड्नुपर्छ। बरु, म आफैँ हेरिदिन्थे । तर जब मलाई समुदायले माकुरा समूहमा चयन गऱ्यो, अनि यस प्रक्रियामा प्रत्यक्ष सहभागी हुने मौका पाए । त्यसपछि बुझेँ अदालतले त जित(हारको निर्णय गर्छ, तर मनको दूरी घटाउँदैन। यहाँ त सबै पक्षको जित हुने, र फाटेको मन पनि जोडिने रहेछ। आज समुदायमा आएको परिवर्तन हेर्दा गर्व लाग्छ। जहाँ पहिले अविश्वास थियो, त्यहाँ अब संवाद छ। जहाँ चर्काचर्की थियो, त्यहाँ अब समझदारी छ।"

वास्तवमा, माकुरा पद्धतिले अदालतको सीमित चौकट पार गर्छ। यो पद्धतिमा को दोषी ? को सही ? भन्दा पनि को, के, कसरी ? भन्ने प्रश्न उठाउँछ। माकुरा पद्धतिको सुन्दरता यसको पारदर्शितामा छ। यो निष्पक्षता र समुदायप्रतिको समर्पणले माकुरालाई सबैको विश्वासको केन्द्र बनाएको छ। झापा जिल्लाको कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेल भन्छन्, "माकुराले पचासौं वर्षदेखि फाटेका मनहरूलाई जोडेको छ। यो काम अदालतले गर्न सक्दैन। यदि यो पद्धतिलाई राष्ट्रिय स्तरमा लागू गर्न सकियो भने न्याय प्रणालीमै क्रान्ति आउँछ।"

माकुरा पद्धति सम्बन्ध सुधारको माध्यम हो। यसले विवादित पक्षलाई आफ्नो निर्णय आफै गर्न सशक्त बनाउँछ। यो न त अड्डा अदालतको विकल्प हो, न त कुनै दबाबमूलक सम्झौता। माकुरा पद्धति कुनै जादु होइन, तर यसले जादुमय जस्तो असर ल्याएको छ। समुदायको विश्वास जित्ने, समुदायकै आवाज सुनाउने, र समुदायकै सहमतिबाट समाधान




निकाल्ने यस्तो अभ्यासले स्थानीय सरकारलाई समेत विस्मित बनाएको छ। उनले खुलेर माकुरा समूहमाथि भरोसा राख्न थालेका छन्।

सुनकोसी गाउँपालिकाकी उपाध्यक्ष कान्छी लामालाई माकुरा पद्धतिको सबैभन्दा मन पर्ने पक्ष भनेको यसले सबैलाई समेट्नु हो। "हामी पहिला छिटोछरितो समाधान खोज्न हतारिन्थ्यौँ, तर माकुराले सिकायो की बारम्बार संवाद र छलफलले मात्र दिगो समाधान सम्भव छ," उनी भन्छिन्।माकुरा समूहले आयोजना गर्ने बैठकहरू व्यवस्थित र समावेशी हुन्छन्। यहाँ कोही पनि पछाडि पर्दैन, सबैको आवाज सुनिन्छ। सर्लाहीकी अम्बिका अधिकारीले माकुराको कामलाई दही मथ्ने प्रक्रियासँग तुलना गर्छिन्। उनी भन्छिन् "जसरी दहीलाई मथेर घिउ निकालिन्छ, त्यसै गरी माकुराले सबै पक्षका कुरा सुनेर साझा समाधान निकाल्छन्। माकुरा समूहले अपनाउने विधि केवल छलफलकोमात्र हैन, यो त संवेदनशीलता र समावेशिताको प्रतीक हो। हामीले छलफल गर्दा खाट विधि प्रयोग गर्छौ जसले सबैलाई बोल्न दिने र सबैको कुरा सुन्ने सुनिश्चितता गर्छ।"

माकुरा पद्धति किन यति विशेष छ? यसको जवाफ माकुराको जालोमा लुकेको छ। माकुराले आफ्नो जालो बनाउँदा हरेक धागोलाई बलियोसँग जोड्छ, जसले ठुलो हावाहुरीमा पनि जालोलाई अड्याइराख्छ। ठिक यस्तै, माकुरा समूहले विवादमा संलग्न पक्षहरूलाई जोडेर सामाजिक सम्बन्धलाई बलियो बनाउँछ। यो समूहमा छनोट हुने व्यक्तिहरू निष्पक्ष, पारदर्शी, विश्वासिलो र संवादमा दक्ष हुन्छन्। उनीहरूले सबैको कुरा सुनेर साझा समाधानको बाटो पहिल्याउँछन्।

यो अभ्यास कुनै संयोग होइन। प्राकृतिक स्रोत द्वन्द्व रूपान्तरण केन्द्र नेपाल -NRCTC–N) ले आफ्नो स्थापनाकाल देखि नै यस अभ्यासलाई संस्थागत गर्दै आएको छ। संस्थाले अवलम्बन गरेको यो पद्धति केवल समाधानको होड होइन, सम्बन्धको पुनर्निर्माण र सांस्कृतिक परिवर्तन हो। अदालतबाट होइन, गाउँघरबाट भीडबाट होइन, संवादबाट विवाद रूपान्तरण गरौँ भन्ने अभियान हो।मेलमिलाप ऐनअनुसार मेलमिलाप गतिविधि सञ्चालन गर्न मान्यता प्राप्त यो संस्था नेपाल सरकारसँगको सहकार्यमा गाउँ-गाउँमा शान्तिको बिउ रोपिरहेको छायस संस्थाले दिगो शान्तिका लागि उन्नत सम्बन्ध भन्ने मूल नाराका साथ स्थानीय स्तरमै न्यायको पहुँच, समुदायमा नेतृत्व विकास र शान्तिपूर्ण सुसंस्कृत समाजको निर्माणमा जुटेको छ।

यो अभ्यासले समुदायभित्रका मानिसहरूलाई नेतृत्वमा ल्याई उनीहरूकै सहभागिताबाट शान्ति निर्माणमा इँटा थपेको छ । गत १२ वर्षमा देशका पश्चिम कञ्चनपुर देखी पूर्व इलाम लगायतका विभिन्न जिल्लामा माकुरा समूहहरूले प्राकृतिक स्रोतसँग सम्बन्धित थुप्रै बहुसरोकारवालाका विवादहरू रूपान्तरण गर्न सफल भएका छन्। यो प्रक्रियाले विवाद समाधानको नयाँ मानक बनाउँदै छ जहाँ सबै पक्षको भलो सोचिन्छ, जहाँ विकास र न्याय सँगसँगै हिँड्न सक्छन्।

न्याय भनेको केवल मुद्दा जित्नु मात्र होइन सम्बन्ध बचाउनु, मन बुझ्नु, र भविष्यमा

वाकी पेज नं ८ मा

## न्यायिक समिति :

# समुदायस्तरीय न्याय प्राप्तिको सशक्त माध्यम



**सीता थापा, संयोजक, न्यायिक समिति, चौतारा साँगाचोकगढी नगरपालिका**

स्थानीय तहमा जनप्रतिनिधि चुनिएसँगै मैले चौतारा साँगाचोकगढी नगरपालिकाको उपप्रमुखको रूपमा जिम्मेवारी सम्हालें। उपप्रमुखको जिम्मेवारी र न्यायिक समितिको संयोजकको भूमिका पनि सम्हाल्नुपर्ने कानुनी व्यवस्था रहेकाले सुरुका दिनहरूमा यो भूमिका मेरो लागि नौलो र चुनौतीपूर्ण थियो। न्याय, मेलमिलाप, विवाद समाधान, कानुनी प्रक्रिया–यी सबै विषयमा अनुभव कम थियो । न्यायिक निरुपण र मेलमिलापको प्रकृया कसरी लैजाने होला ? भन्ने अन्योल थियो। तर जिम्मेवारी लिइसकेपछि विस्तारै प्रकृया वुझ्दै गए, कर्मचारीको पनि सहयोग लिए । कर्तव्य निर्वाह गर्दै गए । म कानुनको विद्यार्थी भएकोले पनि काम गर्न सहजता भयो । त्यसलाई सफलतापूर्वक बहन गर्नु नै जनप्रतिनिधिको पहिलो कर्तव्य हो भन्ने आत्मविश्वासका साथ अगाडि बढें।

न्यायिक समितिको मूल काम भनेको स्थानीय तहमा उत्पन्न हुने विभिन्न प्रकारका सामाजिक, पारिवारिक र आर्थिकलगायतका विवादहरूलाई मेलमिलापको माध्यमबाट समाधान गर्नु हो । कानुनले दिएको अधिकार अनुसार न्यायिक समितिले निर्धारित विषयको मात्र उजुरीको सुनुवाइ गर्न सक्छ । श्रीमान-श्रीमतीको झगडा, जग्गा विवाद, छिमेकीबीचको झगडा, कुलो तथा सिँचाइका समस्या, लेनदेन, ज्याला मजदुरी, बालबालिकाको हेरचाह तथा पालनपोषण सम्बन्धी उजुरीहरू, आफ्नो इज्जत आमद अनुसारको खाना लगाउन नदिएको विवादहरु लगायत विषयको मेलमिलाप गराउने अधिकार प्राप्त छ । यी उजुरीहरूको निष्पक्ष र समयमै समाधान गर्दा मात्र नागरिकको विश्वास बढ्छ, समाजमा मेलमिलाप, सहिष्णुता र आपसी समझदारीको संस्कृति विकास पनि हुन्छ ।

**न्यायिक समितिको अधिकार क्षेत्र** :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ बमोजिम

१) न्यायिक समितिलाई देहायका विवादको निरूपण गर्ने अधिकार हुनेछ ।

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,
(ख) अर्काको बाली नोक्सानी गरेको,
(ग) चरन, घाँस, दाउरा,
(घ) ज्याला मजुरी नदिएको,
(ङ) घरपालुवा पशुपक्षी हराएको वा पाएको,
(च) जेष्ठ नागररकको पालनपोषण तथा हेरचाह नगरेको,
(छ) नाबालक छोरा छोरी वा पति-पत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,
(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख विरुवा लगाएको,
(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,
(ट) संधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानून बमोजिम छोड्नु पने परिमाणको जग्गा नछोडी बनाएको,
(ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्व देखि सार्वजनिक रूपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुयाएको,
(ड) संघीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

**(२) न्यायिक समितिलाई देहायका विवादहरूमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने अधिकार हुनेछ** :-

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्काले चापी, मिची वा घुसाई खाएको,
(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,
(ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद,
(घ) अंगभंग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट ।
(ङ) गाली बेइज्जति
(च) लुटपिट,
(छ) पशुपक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,
(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,
(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,
(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पु-याएको,
(ट) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद

**मुख्य चुनौतीहरू** :

यस्ता विवाद समाधान गर्दा धेरै किसिमका चुनौतीहरू आउँछन्। सबैभन्दा ठूलो चुनौती भनेको दुवै पक्षलाई छलफलमा उपस्थित गराउनु हो। उजुरी दर्ता भएपछि प्रतिवादीलाई म्याद सूचना तामेल गरिन्छ। तर प्रतिवादीले म्याद बुझ्न नमान्ने, उजुरीकर्तासँग रिस राखेर समितिमा नआउने, वा झन्झट ठानेर बेवास्ता गर्ने प्रवृत्ति देखिन्छ। कहिलेकाहीँ म्याद तामेल गरिसकेपछि पनि तोकिएको समयमा समितिमा उपस्थित नहुने अवस्था आउँछ ।

यस्तो अवस्थामा छलफल अगाडि बढ्न सक्दैन, जसले न्याय प्रक्रिया ढिलाइ गर्छ। कतिपय उजुरीकर्ताले भनेको समयमा उपस्थित भएर अर्को पक्षको प्रतिक्षा गर्नुपर्दा निराश हुने अवस्था पनि आउँछ। यस्तो समस्याको समाधान गर्न वडास्तरमा भएका मेलमिलापकर्तासँग समन्वय गर्ने गरिएको छ। तर, कतिपय सेवाग्राहीले वडास्तरका मेलमिलापकर्तालाई विश्वास नगर्ने गरेको पाइन्छ। त्यसैले धेरैजसो विवाद नगरस्तरमै छलफल र टुंगो लगाउनु परेको छ।

**अन्य प्रशासनिक दायित्व र समय व्यवस्थापन** :

न्यायिक समितिको संयोजक हुनु उपप्रमुखको महत्वपूर्ण भाग हो । न्यायिक समितिको संयोजक ,राजस्व परामर्श समितिको संयोजक , बजेट तथा कार्यक्रम तर्जुमा , गैर सरकारी संस्थासँग समन्वय , उपभोक्ता हितको संरक्षण , योजना अनुगमन तथा सुपरिवेक्षण लगायत कार्यहरू रहन्छन् ।

त्यसैले समय व्यवस्थापन महत्वपूर्ण हुन्छ । मैले न्यायिक समितिका कामलाई प्राथमिकता दिँदै बाँकी जिम्मेवारी पनि सम्हाल्ने अभ्यास गरेपछि कार्य सहज हुँदै गएको अनुभव गरेकी छु।

**निष्पक्षता र भरोसा – सफलता कस्तो देखिन्छ** :

न्यायिक समितिमा आउने धेरैजसो उजुरी स्थानीय समुदायभित्रकै चिनजानका मानिसहरूसँग सम्बन्धित हुन्छन्। यस्तो बेला दुवै पक्षले आफ्नो पक्षमा निर्णय हुन्छ भन्ने अपेक्षा राख्छन्। न्यायिक समितिमा काम गर्दा यस्तो मानसिकता ठूलो चुनौती बन्न सक्छ। तर निष्पक्षता र तटस्थता कायम राखेर काम गर्दा जनताको भरोसा जित्न सकिन्छ। न्यायिक समितिले गरेको निर्णयबाट दुवै पक्ष सन्तुष्ट भएर फर्किँदा प्राप्त हुने आत्मसन्तुष्टि नै सबैभन्दा ठूलो सफलता हो भन्ने मैले महसुस गरेकी छु।

**निष्कर्ष** :

न्यायिक समिति स्थानीय तहमा शान्ति, सहिष्णुता र मेलमिलाप प्रवर्द्धन गर्ने एउटा सशक्त संस्था हो। यसले कानुनी प्रक्रियामा जानुअघि विवाद समाधानको मौका दिन्छ, जसले समाजमा द्वन्द्व न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ। समितिमा काम गर्दा विभिन्न चुनौतीहरू आउँछन्–प्राविधिक, समय व्यवस्थापन, जनताको अपेक्षा, दुवै पक्षको उपस्थिति जस्ता–दगत ती सबै पार गर्दै निष्पक्ष ढंगले काम गरियो भने समाजले न्याय अनुभूति गर्छ।

मेरा लागि न्यायिक समितिको संयोजकको भूमिका जीवनको एउटा महत्त्वपूर्ण जिम्मेवारी थियो। मैले मेलमिलापको माध्यमबाट समुदायमा स्थायित्व र सद्भाव कायम राख्न योगदान पुऱ्याउन पाएको छु भन्ने गर्व महसुस गर्छु। जब जनता समितिको निर्णयबाट खुशी हुन्छन्, त्यही क्षण हो–जहाँ म भन्छु, “त्यो नै हाम्रो सफलता हो।”

(नगरको सिकाई र सफलता पुस्तकवाट)

**यस्ता विवाद समाधान गर्दा धेरै किसिमका चुनौतीहरू आउँछन्। सबैभन्दा ठूलो चुनौती भनेको दुवै पक्षलाई छलफलमा उपस्थित गराउनु हो। उजुरी दर्ता भएपछि प्रतिवादीलाई म्याद सूचना तामेल गरिन्छ। तर प्रतिवादीले म्याद बुझ्न नमान्ने, उजुरीकर्तासँग रिस राखेर समितिमा नआउने, वा झन्झट ठानेर बेवास्ता गर्ने प्रवृत्ति देखिन्छ। कहिलेकाहीँ म्याद तामेल गरिसकेपछि पनि तोकिएको समयमा समितिमा उपस्थित नहुने अवस्था आउँछ ।**

**यस्तो अवस्थामा छलफल अगाडि बढ्न सक्दैन, जसले न्याय प्रक्रिया ढिलाइ गर्छ। कतिपय उजुरीकर्ताले भनेको समयमा उपस्थित भएर अर्को पक्षको प्रतिक्षा गर्नुपर्दा निराश हुने अवस्था पनि आउँछ।**

**यस्तो समस्याको समाधान गर्न वडास्तरमा भएका मेलमिलापकर्तासँग समन्वय गर्ने गरिएको छ। तर, कतिपय सेवाग्राहीले वडास्तरका मेलमिलापकर्तालाई विश्वास नगर्ने गरेको पाइन्छ। त्यसैले धेरैजसो विवाद नगरस्तरमै छलफल र टुंगो लगाउनु परेको छ।**

# पाँचपोखरी क्षेत्रको विद्युत समस्याः माओवादी केन्द्रद्वारा ज्ञापनपत्र बुझाइयो



अनियमित आपूर्ति, ट्रान्सफर्मरको अवस्था, पोल-लाइन मर्मत अभाव र बारम्बारको अघोषित लोडसेडिङले जनजीवन कष्टकर बन्दै गइरहेको छ।

जनतापत्र, पाँचपोखरी

जिल्लाको पाँचपोखरी थाङपाल, हेलम्बु, मेलम्ची र इन्द्रावती क्षेत्रका बासिन्दा लामो समयदेखि विद्युत सेवाको अव्यवस्था झेलिरहेका छन्। अनियमित आपूर्ति, ट्रान्सफर्मरको अवस्था, पोल-लाइन मर्मत अभाव र बारम्बारको अघोषित लोडसेडिङले जनजीवन कष्टकर बन्दै गइरहेको छ।

यही सन्दर्भमा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) पाँचपोखरी थाङपाल गाउँपालिका समितिले नेपाल विद्युत प्राधिकरणको हेलम्बु-मेलम्ची वितरण केन्द्रलाई ज्ञापनपत्र बुझाउँदै समाधानको माग गरेको छ। पार्टी अध्यक्ष दिलबहादुर वाइबाको नेतृत्वमा बुझाइएको उक्त ज्ञापनमा प्राधिकरणको ढिलासुस्ती, लापरबाही र असमानताप्रति गम्भीर असन्तोष प्रकट गरिएको छ।

ज्ञापनपत्रमा ट्रान्सफर्मर मर्मत तुरुन्त गर्न, पोल तथा लाइनको व्यवस्थापन गर्न, दीर्घकालीन पूर्वाधार योजना सार्वजनिक गर्न, लोडसेडिङ अन्त्य गर्न र प्राधिकरणले जनतालाई नियमित जानकारी उपलब्ध गराउन माग गरिएको छ।

अध्यक्ष वाइबाले कुलमान घिसिङको नेतृत्वमा सेवा सन्तोषजनक रहेको तर हाल नेतृत्व परिवर्तनसँगै समस्याहरु थपिएको गुनासो गरे। उनले जनताको आधारभूत अधिकारमा सरकार गम्भीर नभएको आरोपसमेत लगाए।सो कार्यक्रममा नेता लोकमान तामाङले स्थानीय तह र राजनीतिक पार्टीहरुको समन्वयमार्फत थप दबाब सिर्जना गर्ने बताए। पालिका इन्चार्ज अर्जुन लोप्चन, सचिव रमेश शेर्पा, प्रेम पुरीलगायत नेताहरु उपस्थित थिए।

# टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता.....

रुपमा टाढा रहेका टोलका वृद्ध, असक्त, अपांगता भएका लाभग्राहीहरूले अब सजिलै सेवा पाउन थालेका छन्।

केही लाभग्राही जो वितरण केन्द्रमा जान सक्दैनन्, उनीहरूको घरमै पुगेर भत्ता पुर्‍याउने व्यवस्था गरिएको छ। यो अभ्यासले सेवामा पहुँच, समयको बचत र नागरिकको सन्तुष्टि बढाएको छ।

त्यसैगरी, वडा कार्यालयले मृत्यु पश्चात मृत्युदर्ता प्रमाणपत्र, श्रद्धाञ्जली पत्र तथा किरिया खर्चस्वरूप पाँच हजार रूपैयाँ समेत घरमै पुगेर प्रदान गर्ने अभ्यास पनि सुरु गरेको छ।स्थानीयवासीहरु वडाध्यक्ष तामाङको कार्यशैलीप्रति खुलेरै प्रशंसा गरिरहेका छन्। उनीहरु भन्छन्, "पहिले बैंकको लाइनमै बित्थ्यो आधा दिन, अहिले घरमै भत्ता आउँछ – यस्तो सुविधा नगरमा सबैले सिक्नुपर्छ।"

# हेलम्बुको गहना......

दिने मात्र होइन, मानसिक शान्तिको अनुभव पनि दिलाउँछ। त्यही कारण, धेरैजसो मानिस यो झरनामा आउने कारण प्राकृतिक सुस्केरा र मानसिक ताजगीको खोज हो।

ब्याल्वे झरना अहिले युवापुस्ताको लागि सामाजिक सञ्जाल (जस्तैः फेसबुक, इन्स्टाग्राम, टिकटक) मा भिडियो र फोटो खिच्नको लागि उपयुक्त पृष्ठभूमि बनेको छ। झरनाको पृष्ठभूमिमा खिचिएका तस्बिरहरु सामाजिक सञ्जालमा भाइरल भइरहेका छन्। यसले गर्दा झनै धेरै मानिसलाई झरनातर्फ आकर्षित गराइरहेको छ।

पर्यटनको बढ्दो आकर्षणसँगै हेलम्बुका स्थानीय बासिन्दाहरूले होमस्टे सेवा, स्थानिय खाना तथा हस्तकला प्रदर्शनी, र गाइडिङ सेवा जस्ता नयाँ व्यवसायहरु सुरु गरेका छन्। यसले रोजगारी सिर्जना मात्रै होइन, स्थानीय उत्पादनको खपत र आर्थिक स्थायित्वमा पनि सकारात्मक असर पारेको छ।

ब्याल्वे झरना नजिकै रहेका धार्मिक र सांस्कृतिक स्थलहरु पनि पर्यटकलाई आकर्षित गर्ने थप कारण हुन्। हेलम्बु क्षेत्रमै रहेको मेलारेपा गुफा, आमायाग्री ध्यानस्थल, जय बागेश्वरी मन्दिर, गुरु रेम्पोछेले ध्यान गरेको स्थल, र हिमालयन ग्रेट ट्रेलले यो क्षेत्रलाई आध्यात्मिक तथा साहसिक पर्यटनको केन्द्रको रुपमा समेत विकास गरिरहेको छ।

स्थानीय तह, प्रदेश सरकार तथा विभिन्न गैरसरकारी संस्थाहरूको सहकार्यमा पदमार्ग स्तरोन्नति, सूचना केन्द्र स्थापनाजस्ता कार्यहरु भइरहेको छन्। झरनासम्म पुग्ने बाटोहरूको स्तरोन्नति र संकेत बोर्डहरूको व्यवस्था गरिएको छ। साथै, पर्यटकमैत्री शौचालय, विश्रामस्थल र फोहोर व्यवस्थापन जस्ता आधारभूत संरचनाहरु विस्तार हुँदैछन्।

यस्तो प्राकृतिक सम्पदाको दीगो विकासका लागि स्थानीय समुदाय सचेत हुँदै गएका छन्। फोहोरमैला व्यवस्थापन, प्लास्टिक प्रतिबन्ध, आगो नबाल्ने अभियान जस्ता कामहरूमा स्वयंसेवकहरूको सक्रियता बढेको छ। पर्यावरण संरक्षण नगरी पर्यटन दीगो बन्न सक्दैन भन्ने कुरालाई स्थानीयहरूले आत्मसात् गर्न थालेका छन्।

हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पा भन्छन्, "हामीले प्राकृतिक सम्पदा संरक्षण गर्दै पर्यटनबाट आम्दानी गर्न सक्ने वातावरण बनाउँदैछौं। हेलम्बुको धार्मिक, सांस्कृतिक र प्राकृतिक विविधताले यो क्षेत्रलाई विशेष बनाएको छ।"

उनका अनुसार पर्यटन क्षेत्रको विस्तारसँगै शिक्षा, स्वास्थ्य, सडक, सञ्चार, खानेपानीजस्ता सेवामा पनि सुधार देखिन थालेको छ।

हेलम्बु क्षेत्र केवल झरना हेर्ने गन्तव्य मात्र होइन, ट्रेकिङ, पर्वतारोहण, अध्यात्मिक ध्यान र ग्रामीण जीवनशैलीको अनुभवका लागि पनि उपयुक्त छ। थुप्रै आन्तरिक र बाह्य पर्यटकले यहाँको होमस्टेमा बसेर तामाङ संस्कृतिको अनुभूति लिने गरेका छन्।

हातेमालो आवश्यक छ

यस्तो अपार सम्भावना बोकेको क्षेत्रको दीगो विकासका लागि सबै पक्षको हातेमालो जरूरी देखिन्छ। स्थानीय सरकार, संघीय सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था र जनसमुदायको सहकार्यबाट मात्र हेलम्बु जस्तो क्षेत्रमा दीगो पर्यटन विकास सम्भव हुनेछ।

ब्याल्वे झरना केवल एउटा झरना होइन, यो हेलम्बु क्षेत्रको पर्यटन विकासको मुख्य ढोका हो। यहाँको प्राकृतिक सौन्दर्य, सांस्कृतिक गहिराइ, शान्त वातावरण र धार्मिक आस्थाको संगमले यो स्थानलाई भविष्यमा नेपालको प्रमुख पर्यटकीय गन्तव्य बनाउने सम्भावना प्रबल छ। सस्तो, सुरक्षित र शान्त गन्तव्यको खोजीमा रहेकाहरूका लागि ब्याल्वे झरना साँच्चिकै एक अनुपम उपहार हो।



## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।

१, पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
२, मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
३,सडेगलेको र बासी खानेकुरा नखाऔं,
४,खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
५,धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
६, घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
७, घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,

बलेफी गाउँपालिका, गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# नेपालमै पहिलोपटक र्‍याफ्टिङ स्कुल सञ्चालनको तयारी : जलपर्यटनमा नयाँ युगको सुरुवात





जनतापत्र, बलेफी

नेपालको जलस्रोत र साहसिक पर्यटन क्षेत्रलाई व्यवस्थित र शैक्षिक ढाँचामा रूपान्तरण गर्न नेपालमै पहिलोपटक 'र्‍याफिटङ स्कुल' सञ्चालनको तयारी अन्तिम चरणमा पुगेको छ। सिन्धुपाल्चोकको बलेफी गाउँपालिका–५, चनौटेस्थित भोटेकोशी नदी किनारमा निर्माणाधीन यस स्कुलले जलस्रोत, उद्धार, पर्यटन र पेसागत तालिमलाई एकैसाथ समेट्ने उद्देश्य लिएको छ।

यो स्कुलले र्‍याफिटङ, जलसुरक्षा, उद्धार तथा पानीसँग सम्बन्धित साहसिक खेलहरूको अभ्यास, अध्ययन र अनुसन्धानलाई केन्द्रमा राखेर सञ्चालन गरिनेछ। साथै, यो संस्थाले नेपालभित्रको रोजगारीका साथै वैदेशिक रोजगारीका लागि दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ।

**स्थापना र संरचना : १३ करोडको लगानीमा आधुनिक पूर्वाधार**

पर्यटन विभागको पहल र लगानीमा स्कुल निर्माण गरिएको हो। करिब १३ करोड रूपैयाँको लागतमा भोटेकोशी नदी छेउको १३ रोपनी क्षेत्रफलमा स्कुलको संरचना निर्माण भइसकेको छ। यहाँ पाँचवटा कक्षाकोठा, एक सम्मेलन हल, तालिम हल, पौडी पोखरी, र्‍याफिटङ तालिम स्थल, प्रशासनिक भवन तथा छात्रावास सुविधा समेत समेटिएको छ।

सञ्चालनको नेतृत्वमा रहेका नेपाल पर्यटन तथा होटल व्यवस्थापन समिति (नाथम) ले स्कुल सञ्चालनका लागि आवश्यक 'नेसनल ह्वाइट वाटर स्कुल कार्यविधि' तयार गरी कार्यान्वयनको चरणमा ल्याइसकेको छ। स्कुल आगामी असोज महिनादेखि सञ्चालनमा ल्याउने तयारी छ।

**पाठ्यक्रम र तालिम : सैद्धान्तिक र व्यावहारिक दुवै ज्ञान**

स्कुलमा दुई तहका कोर्सहरु संचालन हुनेछन् :

१. बेसिक कोर्स (६ महिने)
२. एडभान्स कोर्स (उन्नतस्तर)

बेसिक कोर्समा पानीमा सुरक्षित रहन सिकाउने, लाइफ ज्याकेट, रेस्क्यु रस्सी, बोट सञ्चालन, विपद् व्यवस्थापन आदि विषयमा आधारभूत तालिम दिइनेछ।

एडभान्स कोर्समा वाटर रेस्क्यु अपरेसन, टिम नेतृत्व, साहसिक जलक्रियाकलाप व्यवस्थापन, व्यवसायिक गाइडिङ, जलप्रवाह अध्ययन, पर्यावरणीय प्रभाव मूल्यांकन र पर्यटनसँग सम्बन्धित विधागत ज्ञान समावेश हुनेछ।

पाठ्यक्रम विद्यालयस्तरका विद्यार्थी, युवा उद्यमी, जलक्रियाकलापप्रति रूचि राख्ने नागरिकका लागि उपयोगी हुने गरी डिजाइन गरिएको छ।

**छात्र संख्यादेखि योग्यताको मापदण्ड**

सुरुमा स्कुलले १६० जना प्रशिक्षार्थीलाई भर्ना गर्ने लक्ष्य राखेको छ। तालिममा सहभागी हुन चाहनेले कम्तीमा २ वर्षको अनुभव वा पानीसँग सम्बन्धित क्षेत्रमा संलग्नता देखाउनु पर्नेछ।

उक्त शैक्षिक कार्यक्रममा स्थानीय माझी समुदाय, युवा गाइड, साहसिक खेलकुदमा करिअर खोज्ने विद्यार्थी, तथा जलस्रोत व्यवस्थापनमा लाग्ने इच्छुकहरु मुख्य लक्षित समूह हुनेछन्।

**स्थानीय समुदायको सहभागिता र लाभ**

भोटेकोशी नदी आसपासका माझी, तामाङ, शेर्पा, नेवार र अन्य समुदायहरूलाई यो स्कुलले प्रत्यक्ष फाइदा पुर्‍याउने अपेक्षा गरिएको छ। विशेष गरी माझी समुदाय नदी र डुङ्गा चलाउने परम्परागत सीप बोकेको समुदाय भएकाले उनीहरूलाई यो स्कुलमार्फत औपचारिक प्रमाणपत्र दिने कार्यले उनीहरूको पहिचान र पेसागत हैसियत बलियो बनाउनेछ।

साथै, यो स्कुलको स्थापना पश्चात् स्थानीय होमस्टे व्यवसाय, ट्रेकिङ, गाइडिङ, जलक्रीडा उपकरण आपूर्ति, रेष्टुरेन्ट तथा अन्य सहयोगी सेवाहरु पनि विस्तार हुने अपेक्षा गरिएको छ।

**रोजगारी र विदेशमा अवसर**

नेपालमा हाल करिब ७ हजार र्‍याफ्टिङ गाइड छन्। तीमध्ये धेरैले विदेशी रिभरगाइडको रूपमा काम गर्दै आएका छन्। नाथमका सूचना अधिकारी ज्ञानेन्द्रराज

पेज नं ७ मा

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।

१, पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
२, मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
३,सडेगलेको र बासी खानेकुरा नखाऔं,
४,खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
५,धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
६, घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
७, घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
८ ,व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

पाँचपोखरी थाङपाल गाउँपालिका, गाउँपालिकाको कार्यालय,सिपा.

# चौताराको बाँझो जमिनमा हरियाली विस्तार : फलफूल बिरुवा रोप्ने अभियान



वडाध्यक्ष रोशनराज गिरीका अनुसार सार्वजनिक वन, सरकारी कार्यालय परिसर, खाली चौर र सडक किनारामा फलफूलका बिरुवा रोप्ने काम तीव्र पारिएको छ। हालसम्म १२ भन्दा बढी जातका फलफूलका झन्डै ४,५०० बिरुवा रोप्ने तयारी गरिएको छ।

**जनतापत्र, चौतारा**

चौतारा साँगाचोकगढी नगरपालिका-११ मा बाँझो जमिनको उपयोग गर्दै फलफूल खेतीको अभियान सुरू भएको छ। यस योजनाले स्थानीय जनताको आयआर्जनमा टेवा पुग्ने मात्र होइन, वातावरणीय सन्तुलन कायम राख्ने अपेक्षा गरिएको छ।

वडाध्यक्ष रोशनराज गिरीका अनुसार सार्वजनिक वन, सरकारी कार्यालय परिसर, खाली चौर र सडक किनारामा फलफूलका बिरुवा रोप्ने काम तीव्र पारिएको छ। हालसम्म १२ भन्दा बढी जातका फलफूलका झन्डै ४,५०० बिरुवा रोप्ने तयारी गरिएको छ।

अभियानमा आँप, अम्बा, लिची, नास्पाती, जामुन, सुन्तला, कागती, अन्जिर, एभोकाडो लगायतका बिरुवा समावेश छन्। यी सबै बिरुवा ग्राफिटङ प्रविधिबाट उत्पादन गरिएका छन्, जसले चाँडै फल दिन सुरू गर्छन्।

बिरुवा वितरण शान्ति सेवा गृहको सहकार्यमा भइरहेको छ। अभियानको विशेषता भनेको निजी किसानलाई पनि बिरुवा दिनु हो, तर सर्त अनुसार सार्वजनिक क्षेत्रमा कम्तीमा एक बिरुवा रोप्नुपर्नेछ। यसले सबै पक्षलाई अभियानमा जिम्मेवार बनाउने विश्वास लिइएको छ।

वडाले सार्वजनिक जग्गामा दीर्घकालीन रुपमा फलफूल खेती गरी उपभोक्तालाई सहज रुपमा फलफूल उपलब्ध गराउने र केही क्षेत्रमा नमुना व्यवसाय पनि विकास गर्ने योजना बनाएको छ। साथै विद्यालय, युवा क्लब र महिला समूहको समेत संलग्नता बढाउने तयारी छ।

वातावरण संरक्षणसँगै युवालाई कृषिमा आकर्षित गर्ने लक्ष्य राखिएको यो अभियान अब अन्य वडाहरुमा पनि विस्तार गर्ने तयारी भइरहेको वडाध्यक्ष गिरीले बताए।

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।

१, पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
२, मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
३,सडेगलेको र बासी खानेकुरा नखाऔं,
४,खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
५,धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
६, घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
७, घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
८ ,व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

चौतारा साँगाचोकगढी नपा.
वडा नं. १० को कार्यालय,सि.पा

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।

१, पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
२, मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
३,सडेगलेको र बासी खानेकुरा नखाऔं,
४,खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
५,धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
६, घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
७, घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
८ ,व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

चौतारा साँगाचोकगढी नगरपालिका
नगरपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# भोटेकोशीमा वृक्षारोपण र युवा संगठनको पहिलो बैठक



जनतापत्र, भोटेकोशी

भोटेकोशी, साउन ९ - राष्ट्रिय युवा संघ नेपाल, भोटेकोशी गाउँपालिकाले हिजो वृक्षारोपण कार्यक्रम र पहिलो बैठक आयोजना गरेको छ।

वातावरण संरक्षण र संगठन सुदृढीकरणको उद्देश्यले गरिएको यो कार्यक्रममा विभिन्न बिरूवाहरु रोपिएको छ।

कार्यक्रममा प्रमुख अतिथि पूर्व केन्द्रीय सदस्य तथा नेकपा (एमाले) का जिल्ला सदस्य छिरिङ शेर्पा थिए। विशेष अतिथिका रूपमा युवा संघ सिन्धुपाल्चोकका जिल्ला अध्यक्ष सुरज लामा, नेकपा एमाले भोटेकोशी पालिका कमिटीका पदाधिकारीहरु र अनेरास्ववियुका जिल्ला विभागीय प्रमुख निशान परियारको उपस्थिति रहेको थियो।

जिल्ला अध्यक्ष लामाले वृक्षारोपण अभियानलाई नियमित रूपमा पालिकामा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "वातावरण संरक्षण त छँदैछ, संगठन पनि बलियो बनाउनु पर्छ। संगठनको काम गाउँमै देखिनु पर्छ, आदेशको पर्खाइ मात्र गरेर हुँदैन।"

निशान परियारले भने, "साँचो परिवर्तन सहरबाट होइन, गाउँबाट हुन्छ। समस्या जहाँ छ, समाधान पनि त्यहीँबाट सुरू हुनुपर्छ। युवाहरूले आफनै ठाउँमा बसेर जिम्मेवारी लिन जरूरी छ।"

कार्यक्रममा अन्य पालिकाका युवा नेताहरूको पनि उपस्थिति थियो। सबै सहभागीहरूले वृक्षारोपण कार्यलाई सफल बनाएका थिए।

आयोजक टोलीले कार्यक्रम सफल भएको जानकारी दिँदै यस्ता अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिने बताएको छ।

# नेपालमै पहिलोपटक क्याफ्टिङ स्कुल सञ्चालनको तयारी......

पण्डितका अनुसार, "नेपालमा तालिम लिएर गाइड बनेका व्यक्ति नेपालमा ३० देखि ५० हजारसम्म कमाउँछन् भने विदेशमा ३ देखि १० लाख रुपैयाँसम्म आम्दानी गर्न सक्छन्।"

हाल जापान, फ्रान्स, इटाली, स्पेन र खाडी मुलुकहरूमा रिभरगाइडको माग उच्च छ। कतिपय देशहरूले कृत्रिम खोलाहरु निर्माण गरी साहसिक जलक्रीडालाई प्रोत्साहित गरिरहेका छन्।

**समन्वयको चुनौती : कसले सञ्चालन गर्ने ?**

यद्यपि स्कुलको संरचना निर्माण भइसकेको छ, यसको व्यवस्थापनबारे तीन तहका सरकार (स्थानीय, प्रदेश, संघीय) बीच स्पष्ट सहमति कायम भइसकेको छैन।

नाथम, स्थानीय सरकार (बलेफी गाउँपालिका), बागमती प्रदेश र निजी पर्यटन व्यवसायीहरु सबैले स्कुल सञ्चालनमा सहभागी हुन चाहेको देखिन्छ। तर, नाथमको भनाइमा, "शैक्षिक कार्यक्रम व्यवस्थापन गर्ने कानुनी र प्राविधिक अधिकार हामीसँग छ। त्यसैले स्कुल संचालनमा प्रमुख भूमिका हामी खेल्न चाहन्छौं।"

समन्वय नभएमा स्कुलको सम्भाव्यता र दीगो प्रभावमा अवरोध आउन सक्ने विश्लेषकहरु बताउँछन्।

**सुरक्षा र जलस्रोत व्यवस्थापनमा योगदान**

यो स्कुलले केवल क्याफिटङ गाइड उत्पादन मात्र होइन, जलप्रकोप व्यवस्थापन, उद्धार अपरेसन, जोखिम मूल्याकंन र नदी सुरक्षामा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

नेपालमा प्रत्येक वर्ष बाढी, डुबान, नदी कटान आदि कारण दर्जनौं मानिसको ज्यान जान्छ। क्याफिटङ स्कुलले यस्तो अवस्थामा दक्ष उद्धारकर्मी उत्पादन गरी राष्ट्रिय विपद् व्यवस्थापनमा पनि योगदान पुऱ्याउनेछ।

**नेपालका लागि पहिलो र दक्षिण एसियाकै नमुना बन्ने लक्ष्य**

क्याफिटङ क्षेत्रमा विशेष शिक्षालय स्थापना गर्ने यो प्रयास नेपालमै पहिलो हो। दक्षिण एसियामा अझैसम्म कुनै पनि देशमा यस्तो शैक्षिक संस्था स्थापना नभएकाले नेपालले यस स्कुलमार्फत क्षेत्रीय नेतृत्व लिने मौका पाएको छ।

यदि सफलतापूर्वक संचालन गरियो भने, यो स्कुलले नेपाललाई साहसिक जलपर्यटनको शैक्षिक हबको रूपमा स्थापित गर्न सक्छ।

**निष्कर्ष : भविष्यको सम्भावना बोकेको पहल**

नेपालको जलस्रोत, पर्यटन र सीपमूलक शिक्षा क्षेत्रलाई समेटेर बलेफीमा सञ्चालन हुन लागेको क्याफिटङ स्कुल एक दूरदर्शी योजना हो।

यसको सफल कार्यान्वयनले हजारौं युवालाई रोजगारी दिने, विदेशमा सम्मानित काम दिलाउने, र देशकै जलस्रोतको सही उपयोगका लागि सशक्त जनशक्ति उत्पादन गर्नेछ।

यद्यपि स्कुल संचालन, व्यवस्थापन, समन्वय र दीगो वित्तीय मोडेललाई स्पष्ट रूपले परिभाषित गर्न आवश्यक छ। संघीय, प्रदेश र स्थानीय सरकारबीच सहकार्य र एकमत कायम गर्न सके यो स्कुल नेपालको शिक्षा, पर्यटन र उद्धार प्रणालीमा ऐतिहासिक परिवर्तन ल्याउने खम्बा बन्न सक्छ।

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।

१, पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
२, मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
३,सडेगलेको र बासी खानेकुरा नखाऔं,
४,खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
५,धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
६, घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
७, घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
८ ,व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

इन्द्रावति गाउँपालिका, गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# सिन्धुपाल्चोकका होनहार विद्यार्थीलाई शिक्षक संगठनद्वारा विशेष सम्मान

**सामुदायिक विद्यालयतर्फ प्रत्येक स्थानीय तहबाट सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई छनोट गरिएको थियो। साथै संस्थागत विद्यालयबाट ४.०० जीपीए हासिल गर्ने विद्यार्थीहरूलाई विशेष सम्मान प्रदान गरिएको थियो। सम्मानित विद्यार्थीहरूमध्ये चौताराबाट रोजिना स्याङतान, पाँचपोखरीका आशिष बम्जन, इन्द्रावतीका अबिरल श्रेष्ठ, बलेफीका सृष्टी नेपाल र शुभेक्षा श्रेष्ठ, मेलम्चीका प्रशान्त चालिसे र सबिना थापा, हेलम्बुका गौरव शर्मा लगायत थिए।**

**जनतापत्र, चौतारा**

२०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उल्लेखनीय सफलता हासिल गर्ने सिन्धुपाल्चोक जिल्लाका होनहार विद्यार्थीहरूलाई नेपाल राष्ट्रिय शिक्षक संगठन, जिल्ला समिति सिन्धुपाल्चोकले विशेष सम्मान गरेको छ।

मंगलबार चौतारामा आयोजित एक समारोहमा जिल्लाभरका सामुदायिक र संस्थागत विद्यालयहरूबाट उत्कृष्ट नतिजा ल्याउने १७ जना विद्यार्थीहरूलाई प्रमाणपत्र, खादा, फूलमाला र बधाईसहित सम्मान प्रदान गरिएको हो।

कार्यक्रममा सामुदायिक विद्यालयतर्फ प्रत्येक स्थानीय तहबाट सर्वोत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूलाई छनोट गरिएको थियो। साथै संस्थागत विद्यालयबाट ४.०० जीपीए हासिल गर्ने विद्यार्थीहरूलाई विशेष सम्मान प्रदान गरिएको थियो। सम्मानित विद्यार्थीहरूमध्ये चौताराबाट रोजिना स्याङतान, पाँचपोखरीका आशिष बम्जन, इन्द्रावतीका अबिरल श्रेष्ठ, बलेफीका सृष्टी नेपाल र शुभेक्षा श्रेष्ठ, मेलम्चीका प्रशान्त चालिसे र सबिना थापा, हेलम्बुका गौरव शर्मा लगायत थिए।

कार्यक्रममा शिक्षक संगठनका निवर्तमान अध्यक्ष मैयाँ पौडेललाई संगठनको राष्ट्रिय समिति सदस्यमा निर्वाचित भएकोमा समेत विशेष सम्मान प्रदान गरियो।

समारोहमा बागमती प्रदेश अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठ प्रमुख अतिथि थिए भने एमाले जिल्ला अध्यक्ष होमनारायण श्रेष्ठ, राष्ट्रिय समिति सदस्य मैयाँ पौडेल विशिष्ट अतिथि रहनुभएको थियो। जिल्ला अध्यक्ष कृष्णबहादुर श्रेष्ठको अध्यक्षता र सचिव लेखनाथ भट्टराईको सञ्चालनमा कार्यक्रम सम्पन्न भयो।

# मानव बेचबिखनविरुद्ध मेलम्चीमा साझा पहल: सशक्तीकरण बैठक

**जनतापत्र, मेलम्ची**

वैदेशिक रोजगारको नाममा हुने मानव बेचबिखनका घटनाहरु बढ्दै गइरहेका सन्दर्भमा मेलम्ची नगरपालिकाको समन्वयमा प्रभावितहरूको सशक्तीकरणका लागि साझा समन्वय बैठक सम्पन्न भएको छ।मेलम्ची नगरपालिकाको आयोजनामा र सुनिता फाउन्डेसनको सहकार्यमा आयोजना गरिएको उक्त बैठकमा नगर प्रमुख आइतमान तामाङ, उपप्रमुख उमा प्रधान, इलाका प्रहरी प्रमुख, सामाजिक संस्था, महिला समूह र विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति थियो।

नगर प्रमुख तामाङले विदेश जानेहरूलाई श्रम सम्बन्धी जानकारी नहुँदा उनीहरु ठगिने, बेचिने वा शोषणमा पर्ने घटनाहरु बढ्दै गएको उल्लेख गर्दै यस्ता घटना न्यूनीकरणका लागि श्रमिक लक्षित सचेतनामूलक कार्यक्रमहरु आवश्यक रहेको बताए। नगरपालिकाले मानव बेचबिखन रोकथाम र पीडितको पुन:स्थापनाका लागि सहकार्य गर्न तयार रहेको धारणा राखे।

उपप्रमुख उमा प्रधानले नीति निर्माणमा लिङ्गीय सन्तुलन र पीडितको वास्तविक अवस्थालाई बुझ्ने प्रयास हुनुपर्ने बताउँदै पुरूषहरु पनि यस्ता शोषणको सिकार हुने भएकाले समस्या समाधान व्यापक दृष्टिकोणबाट गर्नुपर्नेमा जोड दिइन्।

संस्थाका निर्देशक स्वस्तिका दनुवारले वर्तमान कार्यक्रमहरु प्रायः डोनर आधारित हुने भएकाले दीर्घकालीन प्रभावका लागि स्थानीय सरकारको नेतृत्व अपरिहार्य रहेको बताइन्। परियोजना अधिकृत संगीता नेपालीले फाउन्डेसनद्वारा मेलम्चीमा सञ्चालित पुन:स्थापना, मनोपरामर्श तथा सीप विकास कार्यक्रमबारे जानकारी दिइन्।

मानव बेचबिखनजस्ता गम्भीर सामाजिक समस्याको समाधान समग्र प्रयास बिना सम्भव छैन भन्ने सन्देशसहित बैठक सम्पन्न भएको थियो।

# माकुरा पद्धतिले बुन्दै छ....

फेरि विवाद नहोस् भन्ने सुनिश्चितता हो। माकुरा पद्धतिले यिनै सबै पक्ष समेट्छ। यो केवल विवाद समाधानको माध्यम मात्रै होइन, समाजमा संवादको संस्कार बसाउने अभियान हो। सामुदायिक नेतृत्व विकास र विश्वास अभिवृद्धिको आधार पनि हो। जब समुदायले आफ्ना समस्या आफैँ समाधान गर्न थाल्छ, त्यहाँ आत्मीयता, अपनत्व र उत्तरदायित्व जन्मिन्छ। सत्य के हो भने विवादरहित समाज सम्भव छैन। तर, माकुराले देखाएको छ की सही प्रक्रिया अपनायो भने हरेक विवाद नयाँ सुरुवातको अवसर बन्न सक्छ।

त्यसैले, आज माकुरा एउटा पद्धतिमा मात्र होइन, यो त समाजले बुन्दै गरेको न्यायको एउटा बलियो र सजीव जालो हो। यस पद्धतिले देखाएको छ कि न्याय अदालतको चार किल्लाभित्र मात्र सीमित हुँदैन, यसलाई समुदायको आन्तरिक शक्ति र सहकार्यबाट पनि हासिल गर्न सकिन्छ। यो एउटा यस्तो अभ्यास हो, जसले सामाजिक सद्भावको जालो बुन्दै शान्त र समृद्ध समाज निर्माणको आधारशिला तयार गरिरहेको छ।

**(कानुन खवरवाट साभार।-सम्पादक)**

**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।**

१, पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
२, मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
३,सडेगलेको र बासी खानेकुरा नखाऔं,
४,खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
५,धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
६, घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
७, घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
८ ,व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

**नेपाल सरकार विज्ञापन वोर्ड**

**गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं ।**

१, पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
२, मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
३,सडेगलेको र बासी खानेकुरा नखाऔं,
४,खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
५,धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
६, घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
७, घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
८ ,व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

**बाह्रबिसे नगरपालिका**
**नगर कार्यपालिका कार्यालय,सि.पा**